## सुनकोशी गाँउपालिका

# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिका, रामटार सिन्धुलीद्वारा प्रकाशित

**खण्ड ३, संख्या ११**

**माघ ०७ गते २०७६ साल**

# भाग २

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार बमोजिम सुनकोशी गाउँपालिकाद्धारा बनाईएको कार्यविधि, ऐनको १०२ (३) बमोजिम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

## सुनकोशी गाउँपालिकाको स्थानीय उत्पादन, अनुदान, खरीद तथा व्यवस्थापन कार्यविधि, २०७६

**प्रस्तावना :**

सुनकोशी गाउँपालिकाको क्षेत्र भित्रको कृषि उत्पादनको व्यवसायीकरण गर्न, कृषि व्यवसायको प्रवर्द्धन एवं व्यवस्थापन गर्न, कृषक एवम् कृषि व्यवसायीबीच आपसी सम्बन्ध सुदृढ गर्न तथा कृषि अनुदानको माध्यमबाट उत्पादन बढाउन र बजारीकरणद्वारा व्यवसायिक रुपमा समग्र कृषि क्षेत्रको विकासका लागि आवश्यक व्यवस्थापन गर्न आवस्यक भएकोले सुनकोशी गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७५ कार्यान्वयन गर्न दफा ३६ को व्यवस्था बमोजिम सुनकोशी गाउँ कार्यपालिकाको मिति २०७६।१०।०६ बैठकबाट यो **सुनकोशी गाउँपालिकाको स्थानीय उत्पादन, अनुदान, खरीद तथा व्यवस्थापन कार्यविधि**, २०७६ स्वीकृत गरी लागू गरिएको छ।

गाउँ कार्यपालिकाबाट स्विकृत मिति : २०७६/१०/०६

प्रमाणीकरण मिति : २०७६/१०/०६

## परिच्छेद – १
## परिभाषा र व्याख्या

१. **संक्षिप्त नाम तथा प्रारम्भ** : यो कार्यविधिको नाम **सुनकोशी गाउँपालिकाको स्थानीय उत्पादन, अनुदान, खरीद तथा व्यवस्थापन कार्यविधि,** २०७६ रहेको छ र यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ख) "उत्पादक" भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ।

(ग) "एजेन्ट" भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनु पर्छ र सो शव्दले सँगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ।

(घ) "ऐन" भन्नाले सुनकोशी गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ सम्झनुपर्छ।

(ङ) "कार्यपालिका" भन्नाले सुनकोशी गाउँ कार्यपालिका सम्झनुपर्छ।

(च) "कृषक" भन्नाले यस ऐनको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्छ।

(छ) "कृषि" भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका बिषयसँग सम्वन्धित कृषिलाई सम्झनु पर्दछ र सो शव्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ।

(ज) "कृषि फार्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि अनुसूची (१) बमोजिमका बाली उत्पादनका लागि सञ्चालन गरिएको कृषि फार्म सम्झनु पर्छ।

(झ) "कृषि बजार" भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनु पर्छ।

(ञ) "कृषि उपज" भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि उपज सम्झनु पर्छ।

(ट) "कृषि व्यवसाय" भन्नाले देहायको व्यवसाय सम्झनु पर्छ :-

(१) व्यावसायिक उद्देश्यले गरिने कृषि बाली वा बस्तुको उत्पादन ,

(२) कृषिजन्य वस्तुको प्रशोधन,

(३) कृषि उपजको व्यापार,

(४) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(५) कृषि उत्पादनको लागि प्रयोग हुने विउ, वेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(६) कृषिमा प्रयोग हुने औषधि एवम् विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय।

(ठ) "खुद्रा बजार" भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनु पर्छ।

(ड) "गाउँपालिका" भन्नाले सुनकोशी गाउँपालिका सम्झनु पर्छ।

(ढ) "थोक बजार" भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झनु पर्छ।

(ण) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुनकोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(त) "बिक्रेता" भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्छ।

(थ) "वडा" भन्नाले सुनकोशी गाउँपालिकाको वडा सम्झनुपर्छ।

(द) "सभा" भन्नाले सुनकोशी गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ।

(ध) "संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्ने संकलन केन्द्रलाई सम्झनु पर्छ।

(न) "हाट-बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई संचालन भएको हाट बजारलाई सम्झनु पर्छ।

## परिच्छेद २

## कृषि उपज उत्पादन, संकलन तथा बजार व्यवस्थापन सम्बन्धि व्यवस्था

३ **कृषि उपज उत्पादन** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र अनुसुची २ बमोजिमको शर्तहरुको अधिनमा रही कुनै पनि कृषक समुह, सहकारी मार्फत सम्झौतामा आधारीत कृषि उपजको उत्पादन गर्न गराउन सक्नेछ।

(२) गाउँपालिकाको कृषि शाखा तथा पशु शाखाले नमुनाका रुपमा कृषि उत्पादनका लागि फर्महरु सञ्चालन गर्न सक्नेछ।

(३) उपदफा १ अनुसारको कृषि उपजको उत्पादनका लागि गाउँपालिका मार्फत प्राविधिक तथा वित्तिय अनुदान उपलब्ध गराईनेछ।

(४) गाउँपालिका भित्र आर्थिक अवस्था कमजोर भएका तथा उत्पादन गर्न इच्छुक समुहलाई पहिचान गरि उपदफा १ बमोजिम अनुदान उपलब्ध गराईनेछ।

४ **कृषि बजारको स्थापना** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना गर्न सक्नेछ।

(२) कृषि सम्वन्धी सहकारी वा कृषि सम्वन्धी व्यवसायिक संस्थाले गाउँपालिकाको अनुमति लिई कृषि बजारको स्थापना गर्न सक्नेछ।

(३) दफा ३ (१) को व्यवस्था बमोजिम उत्पादित कृषि उपजको खरीद (बजार) व्यवस्थापनको जिम्मा गाउँपालिकाको वा गाउँपालिकाद्वारा सञ्चालित बजार केन्द्र वा गाउँपालिकाको स्विकृतीमा सञ्चालित सहकारी बजारको हुनेछ। सो बजार केन्द्र सञ्चालनको लागि गाउँपालिका मार्फत अनुदान उपलब्ध गराईनेछ।

(४) उपदफा ३ बमोजिम भन्दा बाहेकका निजि व्यवसायीसँग उत्पादित कृषि उपजको विक्रि वितरण गर्न पाइनेछैन।

(५) उपदफा ३ को प्रयोजनको लागि प्रत्येक वडामा संकलन केन्द्रको व्यवस्था गरिनेछ।

(६) दफा ४ को उपदफा (५) र दफा ५ को उपदफा (३) बमोजिम व्यवस्थापन प्रयोजनका लागि प्रत्येक वडामा प्राविधिक कर्मचारीहरु खटाईनेछ।

(७) प्रत्येक वडाहरुमा उत्पादनलाई व्यवस्थापन गर्न उत्पादन समुह मध्येबाट एक सूचना कार्यकर्ता परिचालन गरिनेछ।

## परिच्छेद ३
## अनुदान सम्वन्धी व्यवस्था

५. **कृषि अनुदान** : (१) यस कार्यविधिको दफा ३ बमोजिमको कृषि उपज उत्पादन तथा को लागि गाउँपालिका मार्फत अनुसुची ३ बमोजिमको अनुदान उपलब्ध गराईनेछ।

(२) कृषक समुह वा सहकारीले तयार गरेको प्राविधिक तथा वित्तिय प्रस्तावनका आधारमा दफा ६ को अनुदान मुल्याकंन तथा वितरण समितिले अनुदान सम्झौता गर्न सिफारीस गर्नेछ।

(३) प्रत्येक वडामा विउविजन तथा मलखाद वितरण केन्द्र रहनेछ।

(४) वितरण गरिने विउविजन तथा मलखादको परिमाण तथा लागत गाउँपालिकाको कृषि शाखाले तयार गरे बमोजिम हुनेछ।

(५) कृषि अनुदानका अलावा गाउँपालिकाले विभिन्न घरेलु उद्योग सञ्चालन गर्नको लागि समुह वा सहकारीलाई अनुदान उपलब्त्र गराउन सक्नेछ।

६. अनुदान मुल्याकंन तथा वितरण समिति : (१) कृषक समुह वा सहकारीले तयार गरेको प्राविधिक तथा वित्तिय प्रस्तावनको अनुसुची ४ मा उल्लेख अनुदान प्राथमिकिकरणका आधारमा मुल्याकंन गर्न तथा अनुदान रकम सिफारीस गर्न गाउँपालिकामा देहाय बमोजिमको अनुदान मुल्याकंन तथा वितरण समिति रहनेछ :

(क) गाउँपालिका अध्यक्ष – संयोजक
(ख) आर्थिक विकास समिति संयोजक – सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
(घ) लेखा शाखा प्रमुख – सदस्य
(ङ) कृषि वा पशु शाखा प्रमुख – सदस्य सचिव

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

७. **अनुदान वितरण** : (१) अनुदान बार्षिक रुपमा वितरण गर्दै लगिने छ।

(२) अनुदान नगद भन्दा पनि जिन्सिमा आधारीत हुनेछ।

## परिच्छेद ४
## अनुदान सम्झौता सम्बन्धि व्यवस्था

८. **अनुदान सम्झौता अवधि** : (१) अनुदान सम्झौता भएको मिति देखी कम्तिमा १० वर्ष सम्म सो समुह वा सहकारीले कृषि उत्पादनको व्यवसाय सञ्चालन गर्नुपर्नेछ। तर यो उपदफाले तोकिएको समयसम्म समुहले कृषि उत्पादन व्यवसाय सञ्चालन पश्चात समुहका व्यक्तिहरुले कृषि अनुदानका सामाग्रि तथा अन्य सामाग्रिहरु प्रचलित नियमानुसार बाँडफाँड गरि निजि फर्म वा व्यवसाय सञ्चालन गर्न व्यवधान गरेको मानिने छैन्।

(२) अनुदान एकैपटक अथवा किस्ता किस्ता गरि उपलब्ध गराईनेछ।

(३) उपदफा १ बमोजिम तोकिएको मिति अगावै व्यवसाय छाडेमा वा लक्षित मात्रा (शुरुवात गर्दाको ८०%) भन्दा कम उत्पादन गरेमा गाउँपालिकाले उपलब्ध गराएको अनुदानको साँवा व्याज समेत असुल उपर गरीनेछ। साथै सो समुह वा सहकारीलाई आगामी दिनमा अयोग्य ठहर गरी कुनै किसिमका अनुदान उपलब्ध गराईनेछैन।

(४) दफा ५ को उपदफा १ बमोजिमको अनुदानको दुरुपयोग भएमा वा गरेको पाइएमा अनुदान सम्झौतापत्रमा उल्लेख गरिएको रकम असुल उपर गरि निज समुह वा सहकारीलाई कुनैपनि अन्य कार्यको लागि अनुदान उपलब्ध गराईनेनैन तथा सो समुह वा सहकारीलाई कालोसूचीमा राखिनेछ।

## परिच्छेद ५
## क्षतिपुर्ति तथा विमा सम्बन्धि व्यवस्था

९. **विमा सम्बन्धि व्यवस्था** : (१) दफा ३ को उपदफा (१) र (२) तथा दफा ४ बमोजिम हरेक कृषि उत्पादन तथा बजार केन्द्र/संकलन केन्द्रको विमा गरेको हुनुपर्दछ।

(२) कृषि उपजको उत्पादनको सम्झौताको आधारमा विमा समितिले तोकेको प्रकृया पुरा गरी त्यस्तो वीमा कार्य गर्न अख्तियार पाएको विमा कम्पनीले विमा गर्नेछ।

(३) विमा गर्दाको प्रिमियम रकम स्वयम समुह वा सहकारीले व्यहोर्नुपर्नेछ ।

१०. **क्षतिपुर्ति सम्बन्धि व्यवस्था** : (१) दफा ४ बमोजिमको बजार केन्द्र/संकलन केन्द्रमा संकलित कृषि उपजको ढुवानी समस्याका कारण कृषि उपजमा हुन सक्ने क्षतिको आँकलन तथा मुल्याकंनका गर्न एक क्षति मुल्याकंन समिति रहने छ।

(२) उपदफा १ बमोजिमको समितिमा देहाय बमोजिमका सहस्यहरु रहने छन् :

(क) गाउँपालिका अध्यक्ष – संयोजक
(ख) गाउँपालिका उपाध्यक्ष – सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
(घ) आर्थिक विकास समिति सदस्य – सदस्य
(ङ) उद्योग बाणिज्य संघका स्थानीय प्रतिनिधि – सदस्य
(च) कृषि वा पशु शाखा प्रमुख – सदस्य सचिव

## परिच्छेद ६
## अनुगमन तथा मुल्याकंन सम्बन्धि व्यवस्था

११. अनुगमन तथा मुल्याकंन समिति : (१) परिच्छेद २ सँग सम्बन्धि सम्पुर्ण क्रियाकलापहरुको अनुगमन तथा मूल्याकंन गर्न देहाय बमोजिमको अनुगमन तथा मुल्याकंन समिति रहनेछ :

(क) गाउँपालिका उपाध्यक्ष – संयोजक
(ख) आर्थिक विकास समिति सदस्य – सदस्य
(ग) मासु उत्पादन विभाग – सदस्य
(घ) स्थानीय उत्पादन समिति – सदस्य
(ङ) स्थानीय मिडिया प्रतिनिधि – सदस्य

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आंफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद ७
## विविध

१२. **पुरस्कारको व्यवस्था** : कार्यसम्पादन मापदण्डका आधारमा उत्कृष्ट समुह वा सहकारीलाई पुरस्कृत गरिदै लगिनेछ।

१३. **कारवाही चलाउने तथा दण्ड सजाय गर्ने अधिकारी** : (१) यस कार्यविधि बमोजिम दण्ड सजाय गर्ने वा क्षतिपूर्ति भराउने अधिकार आर्थिक विकास समितिले सिफारीस गरे अनुसार स्थानीय न्यायिक समितिलाई हुनेछ।

(२) यस कार्यविधि बमोजिम कारवाही तथा सजाय हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ।

१४. **प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा लेखिएको विषयमा ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

१५. **वौद्धिक सम्पत्तिको संरक्षण गर्नु पर्ने**: यस कार्यविधि बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्दा वा व्यवसायिक कृषि करार गर्दा वौद्धिक सम्पत्ति, भौगोलिक परिचय तथा कृषक अधिकार समेतको संरक्षण हुने गरी गर्नु पर्नेछ।

१६. **बाधा अड्चन फुकुवा** : यस कार्यविधि कार्यान्वयन सम्बन्धि बाधा गाउँ कार्यपालिकाले फुकाउन सक्नेछ।

## अनुसूची -१

दफा २ को खण्ड (छ) सँग सम्बन्धित्

(१) खाद्यान्न बाली,
(२) वागवानी जन्य : फलफूल, तरकारी, मसलाबाली, पूष्पबाली
(३) पशु, पन्छी
(४) माछा, मासु, दुध, अण्डा, हाड, छाला, ऊन
(५) च्याउ,
(६) मौरी, रेशम
(७) चिया, कफी, अलैची, सुपारी, घाँसेवाली
(८) तेलहन, दलहन
(९) कपास, जुट, उखु, रबरखेती, टिमुर
(१०) कृषि पर्यटन
(११) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषिवस्तुहरु
(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग
(१३) कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मलखाद्य, विषादी, औषधी) आदिको प्रशोधन उद्योग
(१४) खेती प्रणालीमा समाबिष्ट कृषि तथा पशुजन्य बसुतहरु ।

## अनुसूची – २
### दफा ३ को उपदफा (१) सँग सम्बन्धित शर्तहरु

(१) हरेक कृषि उत्पादनहरु समुह, सहकारीमा आधारीत हुनेछ।

(२) प्रत्येक टोल तथा बस्तिहरुमा कृषि उत्पादन गर्न इच्छुक तथा प्रतिवद्ध कृषकहरुबाट उत्पादन समुह बनाइनेछ।

(३) उत्पादन समुह तथा सहकारीहरु गाउँपालिकामा दर्ता वा सुचीकृत भएको वा नविकरण भएको हुनुपर्दछ।

(४) समुहको आकार ३ देखी ७ जनको हुनुपर्दछ। ७ जना भन्दा बढि मिलि उत्पादन समुह गठन गर्नुपर्दा सहकारी अवधारण/विधान मार्फत गठन भएको हुनुपर्दछ।

(५) समुह तथा सहकारीले गाउँपालिकाले सूचना प्रकाशित भएको अवस्थामा सूचनाले तोकेको समयावधि भित्र अन्यथा हरेक आ.व.को वैशाख मसान्त भित्र प्राविधिक तथा वित्तिय प्रस्तावना पेश गर्नुपर्नेछ।

(६) प्राविधिक तथा वित्तिय प्रस्तावनाको मुल्याकंन गाउँपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।

(७) प्राविधिक तथा वित्तिय प्रस्तावनाको ढाँचा गाउँपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।

(८) अनुदान सम्झौता गर्दा उल्लेख अन्य शर्तहरुको पालना भएको हुनुपर्दछ ।

(९) कृषि उत्पादनसँग सम्बन्धित रहेका फर्म, खोर, प्रशोधन केन्द्र, टनेल, पोखरी जस्ता भौतिक संरचनाहरु गाउँपालिकाले निर्धारण गरेको मापदण्ड अनुसार कृषक समुह वा सहकारी आफैंले निर्माण गरेको हुनुपर्दछ।

(१०) सम्झौता भएको मितिले ३ महिना भित्र अनुदान लिई व्यवसाय सत्तचालन गरिसक्नुपर्नेछ।

(११) सम्झौता भएपछि छनौट भएको समुहबाट एक जनालाई वितरण प्रकृयामा सहभागि गराईनेछ।

(१२) प्राविधिक तथा समुह/सहकारीले आफ्नो प्रगति विवरण प्रत्येक ३-३ महिनामा गाउँ कार्यपालिका वैठकमा पेश गर्नुपर्नेछ। प्रगति विवरण पेश नभएमा त्यस्तो प्राविधिक वा समुह/सहकारीलाई सेवा सुविधामा रोक लगाउन सक्नेछ।

(१३) स्थानिय उपज संकलन केन्द्रलाई वितरण गरेको अनुदानको हिसाब/लेखा विवरण ६-६ महिनामा गाउँ कार्यापालिका वैठकमा पेश गर्नुपर्नेछ।

## अनुसूची – ३

दफा ५ को उपदफा (१) सँग सम्बन्धित गाउँपालिकाले उपलब्ध गराउने अनुदानसँग सम्बन्धित विवरण

<table>
<tr><th rowspan="2">क्र. सं.</th><th rowspan="2">कृषि विवरण</th><th colspan="7">अनुदानको प्रकार</th><th rowspan="2">अनुदान प्राप्तिका लागि न्युनतम परिमाण</th></tr>
<tr><th>बिउ बिजन</th><th>बिषादी</th><th>प्राङ्गारीक/ रासायानिक मल</th><th>प्राविधिक</th><th>वित्तिय</th><th>विमा</th><th>पोषण तथा खाद्यान्न</th></tr>
<tr><td>१</td><td>खाद्य तथा नगदेबाली</td><td>उपलब्ध हुने</td><td>नहुने</td><td>अनुदान दिइने</td><td>उपलब्ध हुने</td><td>जिन्सिका रुपमा उपलब्ध गराउने</td><td>उपलब्ध हुने</td><td>-</td><td></td></tr>
<tr><td>२</td><td>मासु तथा मासुजन्य</td><td>-</td><td>नहुने</td><td>-</td><td>उपलब्ध हुने</td><td>जिन्सिका रुपमा उपलब्ध गराउने</td><td>उपलब्ध हुने</td><td>उपलब्ध नगराउने</td><td>अण्डा दिने कुखुरा
<table>
<tr><td>जना</td><td>न्युनतम कुखुरा</td></tr>
<tr><td>३ को समुह</td><td>२०००</td></tr>
<tr><td>५ को समुह</td><td>४०००</td></tr>
<tr><td>७ को समुह</td><td>५०००</td></tr>
<tr><td>८ भन्दा बढि सहकारी हुनुपर्ने</td><td>सहकारीको क्षमताका आधारमा</td></tr>
</table>
मासुजन्य लोकल कुखुरा
<table>
<tr><td>जना</td><td>न्युनतम कुखुरा</td></tr>
<tr><td>३ को समुह</td><td>२०००</td></tr>
<tr><td>५ को समुह</td><td>४०००</td></tr>
<tr><td>७ को समुह</td><td>५०००</td></tr>
<tr><td>८ भन्दा बढि सहकारी हुनुपर्ने</td><td>सहकारीको क्षमताका आधारमा</td></tr>
</table>
खसी, बोका, बाख्रा
<table>
<tr><td>जना</td><td>न्युनतम बाख्रा</td></tr>
<tr><td>३ को समुह</td><td>५०</td></tr>
<tr><td>५ को समुह</td><td>७०</td></tr>
<tr><td>७ को समुह</td><td>९०</td></tr>
<tr><td>८ भन्दा बढि सहकारी हुनुपर्ने</td><td>सहकारीको क्षमताका आधारमा</td></tr>
</table>
</td></tr>
</table>

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | फलफुल | विरुवा उपलब्ध गराउने | नहुने | अनुदान दिइने | उपलब्ध हुने | जिन्सिका रुपमा उपलब्ध गराउने | उपलब्ध हुने | - | |
| ४ | मौसमी तथा बेमौसमी तरकारी | उपलब्ध हुने | नहुने | अनुदान दिइने | उपलब्ध हुने | जिन्सिका रुपमा उपलब्ध गराउने : प्लाष्टिक टनेल, प्लाष्टिक पोखरी आदि | उपलब्ध हुने | - | |
| ५ | दुग्धजन्य | - | नहुने | - | उपलब्ध हुने | जिन्सिका रुपमा उपलब्ध गराउने | उपलब्ध हुने | उपलब्ध नगराउने | गाई भैंसी<br>जना — न्युनतम गाई भैंसी<br>३ को समुह — १०<br>५ को समुह — १५<br>७ को समुह — २०<br>८ भन्दा बढि सहकारी हुनुपर्ने — सहकारीको क्षमताका आधारमा |

**अनुसुची - ४**

दफा ६ सँग सम्बन्धित अनुदान प्राथमिकिकरणका आधारहरु

१) औचित्यता
२) क्षमतता
३) कटिकद्धता
४) शैक्षिक अवस्था
५) पविार संख्या
६) पारिवारिक आर्थिक अवस्था
७) सामाजिक अवस्था

आज्ञाले,
विकास सुन्दास
प्रमुख प्रशासकिय अधिकृत